नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

# वन अनुसन्धान तथा सर्वेक्षण विभाग

**वनपरिसर, बबरमहल, काठमाण्डौ ।**

## सवारी साधन भाडामा लिने सम्बन्धी वोलपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७४।०८।०८**

यस विभागलाई तपसिल बमोजिम चार पाङ्ग्रे सवारी साधन भाडामा लिनुपर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट रु. १० को टिकट साथ रीतपुर्वक निवेदन पेश गरी देहाय बमोजिम फाराम खरिद गर्न सकिनेछ । सो सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्नु हुन साथै यस विभागको Website : www.dfrs.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

| बोलपत्र नं. | विवरण | खरिद विधि | फाराम दस्तुर | वोलपत्र जमानत रकम | फाराम खरिद गर्न सकिने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|---|
| ००१ ०७४।७५ | सवारी साधन भाडामा लिने | बोलपत्र | रु. ३०००।- | १,०८,०००।- | २०७४।०९।०८ कार्यालय समय भित्र | २०७४।०९।०९ मध्यान्ह १२:०० बजेसम्म | २०७४।०९।०९ अपरान्ह २:०० बजे | |

**शर्तहरुः-**

1. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनसम्म कार्यालय समय भित्र यस विभागको कार्यालय बबरमहलबाट रु. ३,०००।- (पछि फिर्ता नहुने गरी) रसिद काटी खरिद गर्न सकिने छ ।
2. बोलपत्र फाराम खरिद गर्न फर्मको दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको दर्ता प्रमाणपत्र, आ.व. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिक द्वारा प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रीतपूर्वकको निवेदन दर्ता गर्नु पर्ने छ ।
3. शिलबन्दी बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजेसम्म यस विभागमा दर्ता गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र फाराम लाहाछाप सहित कामको प्रयोजन खुलाई पेश गर्ने फर्मको नाम, ठेगाना र छाप अनिवार्य रुपमा लगाएको हुनु पर्नेछ ।
4. परेका बोलपत्र फारामहरु ३१ औं दिनको २:०० बजे यस विभागमा अन्य विभागिय प्रतिनिधीहरु र सम्बन्धीत फर्मका प्रतिनिधीहरुको उपस्थितमा खोलिने छ । फर्मका प्रतिनिधीहरुको अनुउपस्थित रहेको शिलबन्दी खाम खोल्न बाधा पर्ने छैन ।
5. सिलबन्दी बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समय अनुसार नै हुनेछ । सिलबन्दी बोलपत्र साथ बोल अंकको २-३ प्रतिशतले हुने बोलपत्रको जमानत रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौंको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२०००००१०००२५२४ (कार्यालय कोड नं. २७-३२९-१७) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको कुनै वाणिज्य बैंकहरुबाट यस विभागको नाममा जारी भएको कम्तीमा ९० दिनको बैंक ग्यारेन्टी समावेश गर्नुपर्नेछ ।
6. बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।
7. बोलपत्र सम्बन्धी कार्य आर्थिक कार्यविधि ऐन २०५५, नियमावली २०६४ तथा अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।